# सिद्दिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

सिद्दिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय ओखलढुंगा २०७३

**अपिल**

विश्वव्यापी महामारीको रुपमा फैलिइरहेको कोरोना भाइरस (कोभिड-१९) रोगको संक्रमण रोकथाम,नियन्त्रण तथा उपचारका लागि सरोकारवालाहरुसँगको समन्वयमा यस नगरपालिकाबाट प्रभावकारी कदमहरु चालिरहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा यस जिल्लाबाट पछिल्लो समय ८१ जनाको परीक्षणको लागि नमूना संकलन गरी पठाइएकोमा मितिः२०७७।५।२३ मा प्राप्त जानकारी अनुसार थप ९ जनामा संक्रमण देखिएको र उहाँहरुमध्ये ६ जना व्यक्ति सदरमुकाम क्षेत्रमै बसोबास गरिरहनु भएको हुँदा उहाँहरुको सम्पर्कमा आएका व्यक्तिहरुको Contact Tracing गर्ने कार्य शुरु भैसकेको र Contact Tracing मा आएका व्यक्तिहरुको स्वाब संकलन गरी परीक्षणको लागि पठाउने व्यवस्था भैरहेको हुँदा सो को नतिजा नआएसम्मका लागि सदरमुकाम क्षेत्र तथा नगरपालिकाको मुख्य बजार क्षेत्र लगायत यस नगरपालिका कार्यालय र वडा कार्यालयहरुबाट अति आवश्यक काम र अत्यावश्यक सार्वजनिक सेवा लिन आउने बाहेकका व्यक्ति तथा सेवाग्राहीहरु हिँडडुल नगरिदिन र अत्यावश्यक कामको सिलसिलामा हिँडडुल गर्नुपर्दा उच्च सतर्कता अपनाई जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गर्नहुन अनुरोध छ ।

कोरोना भाइरस (कोभिड-१९) सम्बन्धमा कहिँ कतै कहिले अतिरञ्जित तरिकाले हल्ला फिँजाउने र सामाजिक सञ्जालमा लेख्ने जस्ता कार्यले समाजमा सन्त्रास फैलाइरहेको र अझ थप अडकलबाजीको भरमा नकारात्मक व्याख्या र विश्लेषण गरी थप अन्यौलता सिर्जना गराई घरघरमा भयावहको वातावरण देखा पारिरहेको छ । “रोग कसैले सार्ने हैन, आफैबाट सर्ने हो ” भन्ने भनाइलाई सबैले बुझौं, कोरोना भाइरस (कोभिड-१९) रोगको संक्रमण रोकथाम र नियन्त्रणको लागि नागरिक आफै सचेत हुन र जनस्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना गर्न आग्रह गर्दै आजसम्म ओखलढुङ्गा जिल्लाका संक्रमितहरुको आत्मबल र विश्वासले भाइरसलाई परास्त गर्न सफल भएको वास्तविकता हामी सामु छर्लङ्गै छ र यो निरन्तर रुपमा रही रहनेछ भन्ने मेरो विश्वास छ ।

अन्तमा,

संक्रमणको कारण हाल उपचाररत रहनु भएका महानुभावहरुको शीघ्र स्वास्थ्य लाभको कामना सहित संक्रमणको जोखिमबाट बच्नको लागि सम्भव भए सम्म होम क्वारेन्टिनमा नै रहिदिन नगरवासी समक्ष हार्दिक अपील गर्दछु ।

मोहन कुमार श्रेष्ठ

मितिः २०७७।५।२४

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख

फोन नं. ०३७-५२०२१३ email:siddhicharanmunicipality@gmail.com website:siddhicharanmun.gov.np

Scanned with Ca